# खण्ड ३

# वातावरणीय सूचना र सञ्चार

सूचना र सञ्चार प्रणालीले 'वातावरणीय न्याय'को अवस्था सुधार्न/बिगार्न प्रमुख भूमिका खेल्छ । सूचनाको राम्रो प्रवाह भएमा सरोकारवालाहरू र प्रभावित व्यक्ति/समूहहरूलाई निर्णय प्रकृयामा सहभागिता जनाउन सघाउ पुग्छ । अहिले 'सूचनाको हक' मानवअधिकारको एक प्रमुख अङ्ग भएको छ। प्रजातान्त्रिक अभ्यासको लागि 'सूचनाको हक' अपरिहार्य हुन्छ । मानव अधिकार र प्रजातान्त्रिक अभ्यास सुरक्षित भएका समाज/क्षेत्र/देशमा वातावरणीय न्यायको स्थिति राम्रो हुन्छ किनभने यी अधिकारहरू प्रयोग गरेर आफूलाई परेका अन्यायहरू हटाउन वा यस्ता अन्यायहरू सृजना गर्ने परिस्थितिहरू परिवर्तन गर्न सकिन्छ ।

नेपालको कानून र संविधानमा 'सूचनाको हक'को पूर्ण व्यवस्था भए पनि व्यवहारमा त्यस्तो हक कमजोर भएकाले अन्यायपूर्ण परिस्थितिहरू सृजना भएको तथ्य यो खण्डको पहिलो लेखमा उल्लेख छ। कल्याण श्रेष्ठको यो लेखले वातावरणीय न्यायको स्थिति सुदृढ गर्न 'वातावरणीय सूचना' किन महत्वपूर्ण हुन्छ र वातावरणीय सूचनाबारे नेपालका ऐन, कानून तथा संविधानमा के कस्तो व्यवस्था छ भन्ने बताउँछ। नेपालको संविधान २०४७ मा 'सूचनाको हक' प्रदान गर्ने प्रावधान फराकिलो हिसाबले राखिएको छ। यो संविधानमा कानूनले रोकेकोबाहेक सबै सूचना सार्वजनिक

गर्न मिल्ने र त्यसमा सबैको पहुँच रहने प्रावधान छ, जुन संयुक्त राज्य अमेरिकाको संविधानले अङ्गीकार गरेको प्रावधान जत्तिकै उदार छ । तर सिद्धान्त र व्यवहारमा तालमेल नभएको तथ्य फेला पर्छ । अरुण तेस्रो जलविद्युत आयोजनालगायत अन्य विकास वा वातावरणसम्बन्धी परियोजनाको सन्दर्भमा पनि यो देखिएको थियो ।

यो खण्डको दोस्रो लेखमा सञ्चार प्रणालीको नियन्त्रण कसले कसरी गरिरहेको छ र यो प्रणालीको प्रयोग केका लागि भइरहेको छ भनेर विश्लेषण गरिएको छ । सञ्चार प्रणाली क्रमशः ठूला व्यापारिक केन्द्रको हातमा पुग्नु, ती केन्द्रको सञ्चारको नियन्त्रणमा एकाधिकार (monopoly) हुनु, स-साना सञ्चार केन्द्रको अस्तित्व हराउँदै जानु, ठूला प्रणालीको सञ्चार उद्देश्य दीर्घकालीन रूपमा बजार विस्तार र नियन्त्रण गर्नमा केन्द्रित रहनु तथा प्रभुत्वशाली वर्ग/देशको संस्कृति र राजनीतिप्रति समर्थन जुटाउन स्थानीय जनताको मनस्थितिमा परिवर्तन ल्याउन सक्रिय रहनु जस्ता प्रकृयाहरू अहिले व्यवहारमा देखिएका छन् । विश्वव्यापीकरणको सन्दर्भमा यो प्रकृया अझ विस्तृत भएको छ । यो स्थिति वातावरणीय अन्याय फैलाउन सहायक हुन्छ भन्ने तर्क जगन्नाथ अधिकारीको लेखमा गरिएको छ । यस्तो परिस्थितिलाई कसरी परिवर्तन गरी वातावरणीय न्यायको लागि सञ्चार प्रणाली उपयुक्त माध्यम बनाउन सकिन्छ भन्ने व्याख्या पनि यो लेखमा गरिएको छ । मिडिया क्षेत्रबाट भएका र हुनसक्ने वातावरणीय र सामाजिक अन्यायहरूको विरोध गर्न साना सञ्चारमाध्यम उपयोगी हुन्छन् र तिनलाई स्थानीय नियन्त्रणमा राखिराख्न आवश्यक हुन्छ । यसै सन्दर्भमा नेपालमा विकास भइरहेको सामुदायिक रेडियो तथा अन्य एफएम रेडियोलाई प्रोत्साहन गर्दै यिनीहरूको समय र प्रयास सूचनालाई उत्पादनशील तथा स्थानीय फाइदाको कार्यमा सहयोग पुऱ्याउन तथा हाल चलिरहेको मिडियाको साम्राज्यलाई विरोध गर्ने तरिकाबाट प्रस्तुत हुन केन्द्रित हुनुपर्छ भन्ने तर्क अधिकारीको रहेको छ । ♦